किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. :- 076/65
च.नं. :- 386

मिति : २०७८/०५/२९

श्री सम्पुर्ण सामुदायिक विद्यालयहरु,

किस्पाङ गाउँपालिका, नुवाकोट ।

विषय : विद्यालयको प्रशासन सुधार सम्बन्धमा ।

किस्पाङ गाउँपालिका भित्र विभिन्न कठिनाइका बावजुद विद्यालयलाई दिशानिर्देश गर्नुभएका र गरिरहनुभएका सम्पुर्ण विद्यालयका नेतृत्व अर्थात् प्रधानाध्यापक ज्यूहरुमा किस्पाङ गाउँपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ । विद्यालयको प्रशासनिक कामकाज गर्नु अत्यन्त चुनौतिपुर्ण 'कार्य हो । यस कार्यलाई सहज र प्रभावकारी ढगंबाट सञ्चालन/व्यवस्थापन गर्न, आजको समयसँगै आएका नविनतम प्रविधिहरुसंग अद्यावधिक हुँदै गुणस्तरिय शिक्षा प्रदान गर्ने प्रतिस्पर्धामा सर्मपित सम्पुर्ण विद्यालय परिवार र त्यसको नेतृत्व को दक्षता अभिवृद्धि गर्नको निम्ति संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारबाट अनेकौं प्रयासहरु हुँदै आइरहेको कुरा यहाँहरुलाई अवगत नै छ । प्रधानाध्यापक छनौटका आधारहरु शिक्षा ऐन, नियम, नियमावलीले व्यवस्थागरेसँगै यस किस्पाङ गाँउपालिकाले पनि थप निर्णयहरु गरेको छ । किस्पाङ गाउँपालिका गाउँशिक्षा समितिको मिति २०७८/०५/२८ को बैठकका निर्णय अनुसार **प्रचलित ऐन, नियमका साथै सम्पुर्ण विद्यालयहरुमा माथिल्लो शैक्षिक योग्यता भएका क्रमश : स्थायी, राहत, करार शिक्षकहरुलाई विद्यालयको प्रशासनिक नेतृत्व सुम्पन प्राथमिकता दिने** भएअनुरुपको व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

..............................

खुम बहादुर घर्ती

प्रमुख प्रशासकिय अधिकृत

Email: kispangrm@gmail.com web: www.kispangmun.gov.np contact:010681217